"प्रभावकारी जनसेवा र पेशागत अधिकार सुनिश्चितताको लागि नेपाल राष्ट्रिय कर्मचारी संगठन
शान्ति, सुशासन, आत्मनिर्भरता र राष्ट्रिय समृद्धिको अभियानमा कर्मचारी परिचालन"

श्र.वि.द.नं. २२१/०६४/६५

# नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती

## National Employee's Organization of Nepal, Civil

केन्द्रीय समिति, बबरमहल काठमाडौं

फोन नं. ०१-४२३८५३२, Email: neoncentralcommittee@yahoo.com

प.सं.

च.नं.

मितिः २०८१/०५/२३

**विषयः प्रेस विज्ञप्ति**

मकैको खेती, एकादशी सभा, विराटनगर जुटमिलको मजदुर आन्दोलन, २००७ सालको क्रान्ति हुदै श्रमिकहरूको ऐतिहासिक पहलमा सुरु भएको ट्रेडयुनियन आन्दोलन विभिन्न नाम र रूपमा विकसत भएर २०४६ सालको जनआन्दोलनसंगै तत्कालिन राज्यको दमनका वावजुद पनि राष्ट्रसेवकहरूको त्याग र वलिदानीबाट संगठित र विकसित हुँदै जनयुद्धको जगमा समानुपातिक, समावेशी तथा सहभागितामुलक राज्य प्रणाली लगायतका मुद्दाहरूको उठान गर्दै सम्पन्न भएको २०६३ सालको जनआन्दोलनसंगै निजामती सेवा ऐन, २०४९ मा चौथो संशोधन भई इतिहासमा पहिलो पटक नेपाली राष्ट्रसेवकहरूले पेशागत अधिकारको सुनिश्चितता र जनसेवामा प्रतिवद्धता सहितको ट्रेडयुनियन अधिकार प्राप्त गरेसंगै पहिलो पटक नेपालको संविधान, २०७२ ले श्रमिकहरूको हक अधिकारको सुनिश्चित गरेको छ।

ट्रेडयुनियन आन्दोलनको विकासक्रमसंगै यसलाई बदनाम गराउने अवसरवादी प्रवृति कहिले सुषुप्त त कहिले खुलारूपमा देखा परिरहेको सन्दर्भमा विगत केही समयदेखि सत्ताको आडमा कर्मचारी साथीहरूलाई प्रलोभनमा पार्ने, डर त्रास सिर्जना गर्ने गरी हाम्रो संगठनका सदस्यहरूलाई समेत त्यस प्रकारका हर्कत गर्ने, हाम्रो संगठनको सदस्य नरहेका तथा संगठनको कुनै पदीय जिम्मेवारीमा नरहेका व्यक्तिहरू अझ निजामती सेवाभित्र हुँदै नभएका व्यक्ति समेतलाई हाम्रो संगठनसंग जोडेर भ्रम सिर्जना गरेको देखिन आएकोले ट्रेडयुनियनको नामबाट भएगरेका यस्ता कुकृत्य गर्ने पात्र र प्रवृतिप्रति खेद प्रकट गर्दछौं।

हाम्रो आन्तरिक जीवनमा देखा पर्ने समस्याहरू समाधान गर्न कार्यदलमार्फत् निरन्तर छलफल अगाडि बढिरहेका सन्दर्भमा नेपाल राष्ट्रिय कर्मचारी संगठनको मार्गनिर्देशक सिद्धान्त, नीति, योजना तथा कार्यक्रमप्रति प्रतिबद्ध साथीहरूलाई अवसरवादी र ट्रेडयुनियनको नाममा निकृष्टताको पराकाष्टमा पुगेका अराजकहरूको भ्रममा नपर्न सबै साथीहरूलाई हार्दिक अपिल गर्दछौं।

अन्तमा, यो देशका सरकारी निकाय र संरचनाहरू अमुक संस्था वा व्यक्तिले विर्ता स्वरूप प्राप्त गरेको होइन ।सत्ताको आडमा भ्रम सिर्जना गर्ने र ट्रेडयुनियन आन्दोलनलाई बदनाम गराउने धमिराहरूबाट बेलैमा सचेत रही उक्त प्रवृत्ति एवं पात्रलाई निस्तेज पार्न सम्बन्धित ट्रेडयुनियनका जिम्मेवार साथीहरूसंग हार्दिक अपिल गर्दछौं।

(अम्बादत्त भट्ट)
अध्यक्ष